जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४३ • २०८३ साल आषाढ १८ गते बिहीबार (2 July, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## जनकपुरधामका अधिकांश पेट्रोल पम्प बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएपछि त्यसको विरोधस्वरूप बुधबार जनकपुरधाम क्षेत्रका अधिकांश पेट्रोल पम्प तथा आयल डिपो दिनभर बन्द रह्यो ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेसँगै नेपाल आयल निगमले पनि इन्धनको मूल्य समायोजन गर्दै घटाएको थियो। त्यसको विरोधमा धनुषा, महोत्तरीलगायत जनकपुरधाम आसपासका अधिकांश पेट्रोल पम्प सञ्चालकहरूले बुधबार बिहानदेखि सेवा बन्द गरेका छन् ।

डिपो सञ्चालकहरूका अनुसार मूल्य घटेपछि मौज्दात रहेको पुरानो इन्धन बिक्री गर्दा घाटा व्यहोर्नुपर्ने अवस्था सिर्जना भएकाले विरोधस्वरूप पम्प बन्द गरिएको हो। यसका कारण सर्वसाधारणले दिनभर इन्धन अभावको सामना गर्नुपरेको थियो। यद्यपि, जनकपुरधामका केही पेट्रोल पम्पमा भने सेवा सञ्चालन भइरहेका कारण त्यहाँ उपभोक्ताको उल्लेख्य भीड देखिएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा मूल्य घटे पनि नेपाल आयल निगमले अझै पनि पेट्रोलियम पदार्थ उपभोक्तालाई प्रतिलिटर करिब ५० रुपैयाँभन्दा बढी महँगोमा बिक्री गरिरहेको उपभोक्ताहरूको गुनासो छ ।

### प्रदेश सभामा विपक्षीको अवरोध

# स्वास्थ्य कार्यालयको बजेट खोल्न कांग्रेसको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बैठक विपक्षी दलको अवरोधले स्थगित भएको छ । बुधबार बजेटमाथि छलफल प्रारम्भ हुन नपाउँदै प्रमुख प्रतिपक्षी दलका सांसदहरुले उठेर विरोध गरेका थिए ।

मुख्यमन्त्री कृष्णाप्रसाद यादव सहितको उपस्थिति रहेको बैठकमा जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद उपेन्द्र महतोले सरकारको बजेट नीति तथा कार्यक्रमको भावना विपरीत रहेको आरोप लगाए ।

'सरकारले ल्याएको बजेटमा प्रयाप्त टुक्रे योजनाहरु रहेका छन्' उनले भने योजनाको लागत १ करोड पुऱ्याउन फरक प्रकृतीका योजनाहरुलाई मिसाइएको छ ।

सडक, मन्दिर, घाटलगायतका कार्यक्रमहरुलाई एउटै शीर्षकमा राखिएको उल्लेख गर्दै उनले भने, बजेटमा त अन्तर जिल्ला योजनाहरु पनि पर्याप्त समावेश गरिएको छ ।

सांसद महतोले बजेटमा मन्त्रीहरुलाई प्राथमिकतामा राखेर बनाइएको, त्यसपछि सत्तारुढ तीन दलका सांसदहरुलाई खुशी बनाइएको र केहि कार्यकर्ताहरुलाई समेत सम्मान गरेको आरोप लगाए ।

मधेश प्रदेशमा तीन पुराना दलको सरकार रहेको छ । नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारमा नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को गठबन्धन छ । मधेश प्रदेशको सबैभन्दा ठूला दल जसपा नेपाल प्रमुख प्रतिपक्ष रहेको छ ।

सांसद महतोले बजेटको कार्यान्वयनमा प्रश्न



उठाउँदै सच्चयाएर ल्याउनु पर्ने माग गरे । यथास्थितिमा बजेटमाथिको छलफल अगाडि बढ्न नदिने उनले चेतावनी दिए । सरकारले आफ्नै प्रतिबद्धतालाई उल्लंघन गरेको महतोको आरोप थियो ।

विपक्षीको अवरोद्धपछि सभामुख रामअशिष यादवले १० मिनेटका लागि बैठक स्थगित गरेका थिए । तर सत्ता पक्ष र प्रमुख प्रतिपक्षबीच सहमति नभएपछि बिहिवार सम्मका लागि बैठक स्थगित गरिएको छ ।

प्रदेश सभामा सर्वदलीय बैठक बस्ने र त्यसमा सहमति भए मात्र प्रदेश सभा सञ्चालन हुने देखिएको छ । प्रमुख प्रतिपक्षी दलका सांसदहरु सरकार विरुद्ध अक्रामक रुपमा प्रस्तुत हुने संकेत दिएको छ ।

'तीन दलीय गठबन्धनसित बहुमत रहेकोले बलजफ्ती पनि बजेट पारित गर्न सक्छ' सांसद महतोले भने, तर हामी बजेटको छलफलमा समेत सहभागी हुने छैनौं । सत्तापक्षले विपक्षलाई वेवास्ता गर्न थालेको उनले बताए । बहुमतको नाममा मनपरी गरेकाले हामी सचेत गराउन चाहेको उनले जनाए ।

प्रदेश सरकारले बजेट कार्यान्वयनको अधार समेत प्रष्ट गर्न नसक्ने अवस्था रहेको उल्लेखगर्दै जसपा नेपालका सांसद महतोले फरक प्रकृती र फरक जिल्लाको एकिकृत योजना कसरी कार्यान्वयन गर्न सकिएला ? भन्ने प्रश्न गरे ।

नेकपा संसदीय दलका नेता समेत रहेका अर्थमन्त्री युवराज भट्टराईले ल्याएको बजेटमा एमाले र कांग्रेसका प्रभावशाली सांसदहरुलाई सन्तुष्ट गरिएको छ । मुख्यमन्त्री कार्यालयमा गत आर्थिक वर्षको तुलनामा निकै योजना थपिएको आरोप लगाइएको छ । मुख्यमन्त्री कार्यालयमा गोष्ठी लगायतका कार्यक्रमहरुमा अधिक जोड दिएको छ ।

> अर्थमन्त्री भट्टराईले केही मन्त्रालय अन्तरगतको कार्यालयहरुको बजेट लक गरेका छन् । भौतिक पूर्वाधार विकास कार्यालयमा बुधबार ठेकदारहरुले ताल्चा लगाएकै समयमा प्रदेश सभामा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले महोत्तरी धनुषाको स्वास्थ्य कार्यालयको बजेट खोल्न माग गरेका थिए ।

एमालेको भागमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट त्यस दलका सांसदहरु अत्यन्त सन्तुष्ट देखिएका छन् । तर विगतमा त्यस मन्त्रालयमा सकृय रहेका एमालेका केही दलालहरुको सक्रियता झन बढेको छ । मन्त्री समेतलाई उछिनेर कमिसनको धन्धा चलाइहेको आरोप लागेको छ ।

अर्थमन्त्री भट्टराईले केही मन्त्रालय अन्तरगतको कार्यालयहरुको बजेट लक गरेका छन् । भौतिक पूर्वाधार विकास कार्यालयमा बुधबार ठेकदारहरुले ताल्चा लगाएकै समयमा प्रदेश सभामा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले महोत्तरी धनुषाको स्वास्थ्य कार्यालयको बजेट खोल्न माग गरेका थिए ।

'महोत्तरी र धनुषा जिल्लाको स्वास्थ्य कार्यालयको लक गरिएको बजेट तत्काल खोल्न माग गर्दछु' झाले भने, असारको तेस्रो हप्तामा कार्यालयको बजेट लक गर्न हुँदैन ।

कार्य सम्पन्न भइसकेर भुक्तानीको अन्तिम प्रकृयामा रहेका योजनाहरुको रकममा रोक लगाएर अर्थमन्त्रालय केही वर्षदेखि कमिसन असुली गर्दै आएको छ ।

अर्थ मन्त्रालयमा रामकुमार महतो सचिव रहेको बखत कमिसन असुल्न भुक्तानीको चरणमा बजेट लक गर्ने प्रक्रिया थालिएको हो । अर्थ मन्त्रालयले योजना कार्यान्वयन नगर्ने भएकोले अन्य मन्त्रालयहरुले असुल्ने कमिसनबाट कमिसन लिने गरेको एकजना पूर्वमन्त्रीले बताए ।

तीन आर्थिक वर्षदेखि यसरी नै कमिसन असुली गरिएको उल्लेख गर्दै उनले भने, चालु आर्थिक वर्षमा पनि अर्थमन्त्रीले त्यै प्रकृयालाई टेकेर कमिसनका लागि बजेट लक गरेका हुन् ।

स्वास्थ्य कार्यालय धनुषा र महोत्तरी स्वास्थ्य कार्यालयको लक गरिएको बजेट खोल्न कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले माग गरिरहेको बेला मुख्यमन्त्री यादव संसदमै थिए ।

केही महिना पूर्व नेपाली कांग्रेसका सांसद जंगीलाल राय नै स्वास्थ्य तथा जनसंख्या मन्त्री थिए । हाल पनि कांग्रेसकै नेता स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाएका छन् । तर प्रमुख सचेतकले बजेट अनलक गर्न माग गर्नु सामान्य नभएको सांसदहरूले जनाएका छन् ।

स्रोतका अनुसार आगामी आर्थिक वर्षको प्रारम्भमै मन्त्रालय र मन्त्रीको संख्या घटाउने गठबन्धन दलहरुबीच सहमति भएकोले अर्थमन्त्री भट्टराईले असुलीलाई प्राथमिकता दिएका छन् ।

### असइ थमन विक हत्या प्रकरण

# उच्च अदालतद्वारा ६ जनालाई पाँच वर्ष कैद, तीन जनालाई जन्मकैदको फैसला सदर

**टुडे समाचारदाता**

जनकपुरधाम । करिब दुई दशकअघि तेस्रो मधेश आन्दोलनको क्रममा महोत्तरीमा भएको थमन विक हत्या प्रकरणमा उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला आंशिक रूपमा उल्टाउँदै ६ जना प्रतिवादीलाई पाँच वर्ष कैद सजाय सुनाएको छ भने तीन जनाको जन्मकैदको फैसला सदर गरेको छ ।

उच्च अदालत जनकपुरको संयुक्त इजलासका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले कर्तव्य ज्यान मुद्दामा महोत्तरी जिल्ला अदालतको २०८० साल मंसिर २८ गतेको फैसला पुनरावलोकन गर्दै यस्तो निर्णय गरेको छ ।

अदालतले प्रदीप साह माझी, संजय कुमार साह र मोहन ठाकुरविरुद्ध प्रस्तुत भएका प्रमाणहरू पर्याप्त रहेको निष्कर्ष निकाल्दै उनीहरूलाई तत्कालीन मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नम्बरको कसुरमा सोही महलको १३(२) नम्बर बमोजिम जन्मकैद हुने जिल्ला अदालतको फैसला सदर गरेको छ ।

फैसलामा मृतक थमन विकको मृत्यु कर्तव्यबाट भएको पुष्टि भएको उल्लेख गरिएको छ । यसका साथै यी तीन प्रतिवादीविरुद्ध किटानी जाहेरी परेको, अनुसन्धानका क्रममा उनीहरूले आरोप स्वीकार गर्दै बयान दिएको, घटनापछि घाइतेलाई उपचारका लागि एम्बुलेन्समा लैजाँदा साथमा रहेका साक्षीहरूले अनुसन्धान अधिकारीसमक्ष उनीहरूको संलग्नता पुष्टि गर्ने कागज गरेका तथा घटनास्थलका फोटोबाट समेत उनीहरूले थमन विकमाथि आक्रमण गरेको देखिएको आधारलाई अदालतले निर्णायक प्रमाणका रूपमा स्वीकार गरेको छ ।

तर अन्य प्रतिवादी अभिराम शर्मा, धर्मेन्द्र राय, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र, सुरेश पाण्डे, पूर्वसांसद तथा एमालेका नेता लक्ष्मी महतो र पवन कापरको हकमा भने जिल्ला अदालतको फैसला उच्च अदालतले संशोधन गरेको छ ।

उच्च अदालतले यी प्रतिवादीहरूले थमन विकमाथि प्रत्यक्ष रूपमा आक्रमण गरेको कुनै वस्तुनिष्ठ प्रमाण नदेखिएको उल्लेख गरेको छ । यद्यपि, जन्मकैद सजाय पाएका प्रतिवादीहरूले अनुसन्धानका क्रममा दिएको पोलयुक्त बयानबाट उनीहरूले थमन विकको हत्या हुन सहयोग तथा संयोग पार्ने कार्यमा



संलग्न रहेको देखिएको अदालतको ठहर छ ।

यही आधारमा अदालतले उनीहरूलाई तत्कालीन मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(२) नम्बर अनुसार दोषी ठहर गरेको छ । यससँगै जिल्ला अदालतले मधेश केन्द्रित दलका नेता तथा मधेश प्रदेशका पूर्वराज्यमन्त्री अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डेलाई जन्मकैद गर्ने तथा पूर्वसांसद लक्ष्मी महतो र पवन कापरलाई सफाइ दिने गरेको फैसला उल्टिएको छ ।

उच्च अदालतले अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र, सुरेश पाण्डे, लक्ष्मी महतो र पवन कापरलाई जनही पाँच वर्ष कैद सजाय हुने फैसला गरेको छ ।

यस फैसलासंगै थमन विक हत्या प्रकरणमा प्रत्यक्ष रूपमा हत्या कार्यमा संलग्न रहेको ठहर भएका तीन जनाले जन्मकैदको सजाय भोग्नुपर्ने भएको छ भने हत्या हुन सहयोग तथा संयोग पुऱ्याएको अभियोग पुष्टि भएका थप ६ जनालाई पाँच वर्ष कैद सजाय हुने भएको छ ।

उच्च अदालतको यस निर्णयले प्रत्यक्ष हत्यामा संलग्न व्यक्ति र हत्या हुन सहयोग पुऱ्याउने व्यक्तिबीचको कानुनी जिम्मेवारीलाई छुट्टाछुट्टै रूपमा व्याख्या गर्दै प्रमाणको आधारमा सजाय निर्धारण गरेको देखिन्छ ।


थमन विक तत्कालीन सशस्त्र प्रहरी बलका असइ थिए । २०६४ भदौ २९ गते तत्कालीन मधेश आन्दोलनका क्रममा महोत्तरी गाउँपालिकाको गोइरगामा गाउँ क्षेत्रमा आन्दोलनकारी र सुरक्षाकर्मीबीच तनाव चर्किएको थियो । सुरक्षाकर्मी सवार गाडीमाथि आन्दोलनकारीले आक्रमण गरी तोडफोड तथा आगजनी गरेका थिए । त्यसक्रममा गम्भीर घाइते भएका विकलाई उपचारका लागि एम्बुलेन्समार्फत जनकपुरधाम ल्याइँदै गर्दा आन्दोलनकारीको समूहले बाटोमै एम्बुलेन्स रोकी बाहिर निकाली कुटपिट गरी हत्या गरेको अभियोगमा मुद्दा दायर भएको थियो ।

त्यतिबेला देशभर व्यापक चर्चा पाएको उक्त घटनालाई मधेश आन्दोलनकै सबैभन्दा विवादास्पद घटनामध्ये एक मानिन्छ। घटनामा २८ जनाविरुद्ध कर्तव्य ज्यानको अभियोग दायर गरिएको थियो ।

जिल्ला अदालत महोत्तरीले २०८० मंसिर २८ गते फैसला सुनाएको थियो । त्यसविरुद्ध अभिराम शर्माका बुवा महेन्द्र शर्मा, रामशंकर मिश्रकी श्रीमती संगीता कुमारी शर्मा, सुरेश पाण्डेका तर्फबाट उनकी छोरी प्रियंका पाण्डे तथा धर्मेन्द्र रायका तर्फबाट उनका दाजु अरविन्दकुमार रायले २०८१ वैशाख ९ गते उच्च अदालतमा पुनरावेदन दिएका थिए ।

करिब अढाई वर्षसम्म सुनुवाइ चलेको उक्त मुद्दामा ५०औँ पेशीमा अन्तिम फैसला भएको छ । यस अवधिमा ४९ वटा पेशी स्थगित भएका थिए ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# राम मन्दिरमा चोरी

भारतको अयोध्यास्थित पुरुषोत्तम भगवान रामको मन्दिरमा सयौं करोडको चोरी भएको छ। भगवान राम मन्दिरमा भएको चोरी सामान्य घटना होइन । करोडौं आस्थावान हिन्दूहरुले भगवानमा श्रद्धापूर्वक नगद र बहुमुल्य रत्नहरु भेटी चढाएका छन् । ती रकम र आभुषण मन्दिरमा चढाइएको भेटी मात्र चोरी भएको छैन । करोडौं आस्थावान हिन्दूहरुको आस्था र श्रद्धा समेत लुटिएको छ । उनीहरु मर्माहत भएका छन् । चोरीले भगवानप्रतिको आस्थामा कमी नआए पनि कमजोर व्यवस्थापन र सरकारी मिलेमतोले श्रद्धालुहरुको भावनालाई आहत बनाएको छ । मन्दिरमा चोरी गर्ने अन्य कोही नभइ मन्दिर ट्रष्टका प्रमुख(महासचिव) चम्पत राय रहेका छन् । विश्वहिन्दू परिषद्को उत्पादन रहेका राय राम मन्दिर निर्माणको अन्तिम चरणदेखि हालसम्म प्रमुख व्यक्तिको रुपमा रहेका छन् । मन्दिरको सम्पूर्ण व्यवस्थापन उनकै रेखदेखमा भइरहेको थियो । अमित मिश्रा पनि दोस्रो वरियतामा रहेका थिए । चम्मत राय र अमित मिश्राले रामन्दिरमा चढने भेटी(दान) नगद, बहुमूल्य जिन्सीहरु चोरेका छन् । उनीहरु दुई जनाले मन्दिरबाट सयौं करोड नगद चोरेको खुलासा भएको छ । बहुमूल्य रत्न हिरा, मोती, सुन, चाँदी लगायत समेत अर्बौको चोरी भएको छ । उनीहरुले मन्दिरको सम्पूर्ण आर्थिक र जिन्सी समानमा आफ्नो वर्चस्व बनाएको थियो । राय र मिश्राले आफ्नै आफन्तहरुलाई आफ्ना सहयोगीको रुपमा मन्दिरमा राखेका थिए । उनीहरुले भेटीको बाकस खोल्ने, सुनचाँदी लगायतका जिन्सी समानहरु र नगद छुट्याउने लगायतका कार्यहरु गर्थे । नगद गणना गर्न र हिसाब मिलाउन एसबीआई बैंकका कर्मचारीहरु खटेका थिए । रायका ड्राइभर देखि मिश्राका ड्राइभर लगायतका मानिसहरु नगद र जिन्सी मन्दिरबाट सुरक्षित रुपमा बाहिर लग्ने गर्थे । मन्दिर भित्र र बाहिरी परिसरमा समेत अत्यन्त शक्तिशाली सीसी कैमराहरु जडान गरिएको छ । दान बाकसहरु खोल्ने स्थलमा समेत कैमराहरु जडान गरिएको छ । तर बाकस खोल्ने, गणना गर्ने र नगद र जिन्सी चोरेर बाहिर निकाल्ने स्थलको कैमरा कयौं महिनादेखि बन्द गरिएको छ । कैमरामा रेकर्ड भएका दृश्यहरुलाई पुनः प्राप्ति नहुने गरी मेटिएको छ । सरकारले घटनाको छानबिन गर्न एसआईटीलाई जिम्मा दिएको छ । एसआईटीले आठजना माथि एफआईआर दर्ता गराएको छ । उनीहरु थुनामा छन् । तर मुख्य अपराधिहरु राय र मिश्रालाई जोगाउन सरकार सक्रिय छ । त्यसको सर्वत्र आलोचना भइरहेको छ । तर सरकारले घटनामा संलग्नहरुलाई नछाड्ने बताएको छ । मन्दिरमा भएको चोरीले भारतमा हिन्दू धर्मसम्बन्धी कार्यमा सक्रिय रहेकाहरुको मुख बन्द भएको छ । उनीहरुले अहिले विपक्षी दलका नेताहरुले उठाउने प्रश्नको जवाफ दिन सकेको छैन । भगवान रामले चोरी गर्नेहरुलाई सार्वजनिक गराएको छ । चोरी गर्नेहरु सबै सार्वजनिक हुनेछ । बिना भेदभाव सबै चोरहरुलाई कानुनको दायरामा ल्याए मात्र प्रदेश र संघीय सरकारको साख जोगिने छ ।

# संसारलाई गति दिने यात्राको द्विशतवार्षिकी



● सुरेन्द्र नेपाल श्रेष्ठ

हालै बेलायतको रेल नेटवर्कमा भएको एउटा दुर्घटनाले रेल सुरक्षाको मुद्दालाई फेरि एकपटक बहसको केन्द्रमा ल्याएको छ। यो घटना बेलायतको रेल दुर्घटनाको लामो इतिहाससँग पनि जोडिएको छ, जहाँ विगतमा भएका ठूला दुर्घटनाहरूले सुरक्षा प्रणालीमा महत्त्वपूर्ण सुधार ल्याउन भूमिका खेलेका थिए।

बेडफोर्ड नजिकै व्यस्त समयमा दुईवटा यात्रुवाहक रेल आपसमा ठोक्किँदा एक चालकले ज्यान गुमाउनु परेको छ भने ८० भन्दा बढी यात्रु घाइते भएका छन्, जसमध्ये कतिपयको अवस्था अझै नाजुक छ। सुरुवाती अनुसन्धानले सिग्नल प्रणाली वा चेतावनी संयन्त्रमा केही गल्ती भएको संकेत गरे पनि यसको विस्तृत छानबिन भने ब्रिटिश ट्रान्सपोर्ट पुलिस र रेल दुर्घटना अनुसन्धान शाखाले गरिरहेको छ।

बेलायतको रेल प्रणालीलाई विश्वकै सुरक्षित मानिए तापनि यसको इतिहास गम्भीर दुर्घटनाहरूले भरिएको छ। सन् १९८८ को क्लाफम जंक्शन दुर्घटना सबैभन्दा दुखद घटनामध्ये एक थियो, जसमा ३५ जनाले ज्यान गुमाएका थिए। त्यसपछि मात्र सिग्नल र सुरक्षा व्यवस्थामा व्यापक सुधार गरियो। त्यसैगरी, सन् २००१ को सेल्बी दुर्घटनामा एउटा कार रेल ट्र्याकमा खस्दा दुई उच्च गतिको रेल ठोक्किएर १० जनाको मृत्यु भएको थियो । यो घटनाले सडक-रेल सुरक्षा र चालकको थकान व्यवस्थापन जस्ता विषयलाई विशेष प्राथमिकता दिन बाध्य बनायो ।

पछिल्लो समय ठूला दुर्घटनाहरू त कम भएका छन्, तर सानातिना प्राविधिक समस्या र 'नजिकै हुन पुगेका दुर्घटना'का घटनाहरू भने अझै आइरहन्छन् । यसले के स्पष्ट पार्छ भने प्रविधि जतिसुकै उन्नत भए पनि नियमित मर्मत, सही मानवीय निर्णय र निरन्तर लगानीको आवश्यकता सधैँ रहन्छ। बेलायतको रेल इतिहासले सुरक्षामा सुधार भए पनि नयाँ चुनौतीहरू आइरहन्छन् र त्यसको निरन्तर निगरानी गर्नु अनिवार्य छ भन्ने पाठ सिकाउँछ।

बेलायतको रेल सेवाको इतिहास केवल यातायातको विकास मात्र होइन, यो आधुनिक सभ्यताको परिवर्तनको एउटा जीवन्त कथा पनि हो। सन् १८२५ मा स्टकटन डार्लिङ्टन रेलवे लाइनबाट पहिलोपटक यात्रु बोकेर रेल गुड्दा मानव इतिहासले नै नयाँ मोड लियो। शिल्डन, डार्लिङ्टन र स्टकटन अन टीजस्ता ठाउँहरूलाई जोड्ने त्यो सुरुवाती मार्गले तत्कालीन समाजलाई छक्क पार्ने काम गरेको थियो।

आजको युगमा ४०-५० किलोमिटरको यात्रा गर्न आठ घण्टा लाग्नु सुस्त लाग्न सक्छ, तर त्यो समयमा यो एउटा चमत्कार थियो। रेल केवल यात्राको माध्यम मात्र नभएर औद्योगिक युगको एक शक्तिशाली प्रतीक पनि थियो। 'रेलवेका पिता' मानिने जर्ज स्टीफेन्सनले 'लोकोमोसन नम्बर १' मार्फत रेल यात्रालाई व्यवहारिक बनाए भने उनका छोरा रोबर्ट स्टीफेन्सनले यस इन्जिनियरिङलाई विश्वभर फैलाउन ठूलो योगदान दिए।

यही ऐतिहासिक गौरवलाई सम्मान गर्दै बेलायतले सन् २०२५ मा रेल सेवाको २०० वर्ष पूरा भएको अवसरमा 'रेलवे २००' उत्सव मनायो । यो उत्सव विगतको सम्झना मात्र थिएन, बरु रेललाई भविष्यको आधारका रूपमा प्रस्तुत गर्ने एउटा अवसर पनि थियो । देशभर आयोजित विभिन्न कार्यक्रमहरूले रेललाई मानिसको जीवनशैली, शिक्षा र प्रविधिसँग जोड्ने काम गरे।

पुराना रेलमार्गहरूलाई पर्यटनका लागि पुनर्जीवित गरियो भने विद्यालयहरूमा रेलको इतिहास र इन्जिनियरिङका बारेमा विशेष जानकारी दिइयो। यस उत्सवको सबैभन्दा रोचक पक्ष 'ट्रेवलिङ एक्जिबिसन ट्रेन' थियो। यो एक प्रकारको हिँड्डुल गर्ने संग्रहालय जस्तै थियो, जसले देशभर घुमेर मानिसहरूलाई रेलको विकासक्रम देखाउँथ्यो । यसका विभिन्न डब्बाहरूमा रेलको विगत, आधुनिक प्रविधि र डिजिटल भविष्यका बारेमा जानकारी दिइएको थियो, जसले मानिसहरूलाई रेलको भित्री संयन्त्र र सिग्नल प्रणाली बुझ्ने मौका दियो।

वर्तमान बेलायती रेल प्रणाली निकै व्यवस्थित छ । यहाँ ३० भन्दा बढी निजी ट्रेन अपरेटर कम्पनीहरूले आ-आफ्नो क्षेत्रमा सेवा दिइरहेका छन्। जस्तै, लन्डन नर्थ इस्टर्न रेलवेले लन्डन र उत्तर-पूर्वी मार्गको व्यवस्थापन गर्छ भने अभान्ती वेस्ट कोस्टले लन्डन, म्यानचेस्टर र ग्लास्गोबीचको सेवा दिन्छ । यद्यपि, सबै रेल ट्र्याक, स्टेशन र सिग्नल प्रणालीको मुख्य व्यवस्थापन भने सरकारी स्वामित्वको 'नेटवर्क रेल' ले गर्छ। यसको अर्थ बेलायतको रेल प्रणाली 'निजीक्षेत्रद्वारा सञ्चालित तर, सार्वजनिक पूर्वाधारमा आधारित' छ। यसका साथै, डीबी कार्गो यूके र फ्रेटलाइनर जस्ता कम्पनीहरूले मालसामान ढुवानी गरेर देशको औद्योगिक आपूर्ति श्रृंखलालाई चलायमान बनाइरहेका छन्।

बेलायतको रेल इतिहासमा लन्डन अन्डरग्राउन्डको आफ्नै विशेष महत्त्व छ । सन् १८६३ मा सुरु भएको यो संसारकै पहिलो भूमिगत रेल सेवा हो। लन्डनको बढ्दो जनसंख्या र ट्राफिक समस्या समाधान गर्न सुरु गरिएको यो प्रणालीमा सुरुमा स्टीम इन्जिन प्रयोग गरिन्थ्यो, तर पछि धुवाँ र गर्मीका कारण विद्युतीय प्रणाली अपनाइयो।

आज 'द ट्यूब' भनेर चिनिने यो प्रणाली ११ वटा लाइन र २७० भन्दा बढी स्टेशनहरू मिलेर बनेको छ, जहाँ दैनिक करिब ३० लाख मानिस यात्रा गर्छन्। दोस्रो विश्वयुद्धको समयमा त यी भूमिगत स्टेशनहरू केवल यातायातका लागि मात्र नभई बमबारीबाट बच्नका लागि सुरक्षित आश्रयस्थलका रूपको पनि प्रयोग भएका थिए।

हजारौं मानिसहरूले यिनै स्टेशनहरूमा शरण लिएर आफ्नो ज्यान जोगाएका थिए। यसरी बेलायतले एउटा देशव्यापी राष्ट्रिय रेल नेटवर्क र अर्को राजधानी केन्द्रित भूमिगत प्रणालीको माध्यमबाट आफूलाई एक 'निरन्तर गतिशील राष्ट्र'को रूपमा स्थापित गरेको छ। रेलको विकास र बेलायतको औद्योगिक क्रान्ति एक-अर्कासँग नजिकबाट जोडिएका छन्।

१९औं शताब्दीमा जब कोइला, फलाम र कारखानाहरूको लहर चलिरहेको थियो, तब सामान ओसारपसार गर्न छिटो र भरपर्दो यातायातको निकै खाँचो थियो । रेलले त्यही आवश्यकतालाई पूरा गऱ्यो। खानीदेखि बन्दरगाहसम्म र गाउँदेखि सहरसम्म रेलको पहुँच पुग्दा बेलायतको अर्थतन्त्रले नयाँ उचाइ लियो र यो विश्वकै पहिलो औद्योगिक शक्तिका रूपमा उदय भयो। रेलले व्यापार मात्र बढाएन, यसले समाजको स्वरूप पनि बदलिदियो।

रोजगारीको खोजीमा मानिसहरू गाउँ छोडेर सहरतिर सर्न थाले, नयाँ श्रम बजारहरू खुले र टाढा-टाढाका क्षेत्रहरू नजिक हुन थाले । आजको बेलायतमा रेल सेवा निकै आधुनिक र प्रविधिमैत्री छ। युरोस्टार जस्ता सेवाले लन्डनलाई पेरिस, ब्रसेल्स र एम्स्टर्डम जस्ता सहरहरूसँग सिधै जोडिदिएको छ।

५० किलोमिटर लामो समुद्रमुनिको 'चान्नेल टनेल' त विश्वकै एक ठूलो इन्जिनियरिङ चमत्कार हो, जसले रेल यात्रालाई निकै सहज बनाएको छ। रेल यात्रा भनेको केवल एक ठाउँबाट अर्कोमा पुग्नु मात्र होइन, यो त एउटा सांस्कृतिक अनुभव पनि हो । लेखक टम चेसहायरका अनुसार रेल यात्रा भनेको 'बाहिरी संसारलाई हेर्दै गरिने एक सुस्त र आनन्ददायी यात्रा' हो।

स्कटल्यान्डको इन्भरनेसदेखि थर्सोसम्मका प्राकृतिक दृश्य होस् वा कर्नवालको समुद्री किनार, रेलको झ्यालबाट देखिने दृश्यले यात्रालाई अविस्मरणीय बनाउँछ। बेलायतको रेल प्रणालीमा सुधार त भइरहेको छ, तर चुनौतीहरू भने अझै कम भएका छैनन्। महँगो भाडा, पुरानो पूर्वाधार, बारम्बार हुने हडताल र निजीकरणका विवादले गर्दा सर्वसाधारणले अझै पनि निकै सास्ती भोग्नु परिरहेको छ। यद्यपि, सरकार र निजीक्षेत्रको सहकार्यमा अहिले डिजिटल टिकटिङ, हरित ऊर्जा र स्मार्ट रेल प्रणाली जस्ता आधुनिक सुविधाहरू भित्र्याउने प्रयास भइरहेका छन्।

भविष्यमा रेल प्रविधिमा अझ ठूलो परिवर्तन आउने देखिन्छ। हाइड्रोजन इन्धन, इलेक्ट्रिक बुलेट ट्रेन, स्वचालित प्रणाली र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोगले रेल यात्रालाई झनै सुरक्षित र वातावरणमैत्री बनाउनेछ। यसरी रेल केवल यात्रा गर्ने माध्यम मात्र नभई जलवायु परिवर्तनविरुद्धको लडाइँमा एउटा सशक्त आधार बन्नेछ।

विश्वका धेरै देशहरूले रेल प्रविधिलाई आफ्नो आर्थिक विकास, औद्योगिकीकरण, पर्यटन र राष्ट्रिय एकताको मेरुदण्ड बनाएका छन्। जापानको प्रख्यात बुलेट ट्रेन, चीनको विशाल रेल सञ्जाल, भारतको विस्तृत नेटवर्क र युरोपका अन्तरदेशीय रेल सेवाहरू यसका ज्वलन्त उदाहरण हुन्। तर, विडम्बना त के छ भने, भौगोलिक रूपमा अत्यन्तै महत्त्वपूर्ण स्थानमा भएर पनि नेपाल रेल क्षेत्रमा भने निकै पछाडि छ।

एक शताब्दीभन्दा अघि सुरु भएको जनकपुर-जयनगर रेलमार्ग बाहेक नेपालमा रेलको इतिहास निकै सीमित छ। राजनीतिक अस्थिरता, योजनाको अभाव, कमजोर पूर्वाधार र आर्थिक प्राथमिकतामा रेललाई खासै महत्त्व नदिँदा नेपाल यस क्षेत्रमा पछि पर्न पुग्यो । संसारभर रेल प्रविधिले ठूलो फड्को मारिसकेको छ, तर नेपाल अझै पनि एउटा आधारभूत रेल सञ्जाल निर्माण गर्ने संघर्षमै छ।

नेपालको रेल इतिहासलाई हेर्ने हो भने यो करिब एक शताब्दी पुरानो मानिन्छ। राणा शासनकालमा सन् १९२७ तिर जनकपुर-जयनगर रेलमार्ग सञ्चालनमा आएको थियो, जुन भारतसँग जोडिएको एक सीमित तर ऐतिहासिक मार्ग हो। लामो समयसम्म यही नै नेपालको एक मात्र रेल सेवा रह्यो । पछि यो सेवा अव्यवस्थित हुँदै बन्द हुने अवस्थामा पुगे पनि हाल यसलाई पुनः आधुनिक रूपमा सञ्चालनमा ल्याइएको छ।

रेल मार्ग विकासमा भएको ढिलाइले यातायातको सुविधा मात्र गुमाएको छैन, बरु औद्योगिक विकास, पर्यटन र रोजगारीका ठूला अवसरहरूलाई पनि रोकिदिएको छ । त्यसैले, विश्वको दुई सय वर्ष लामो रेल इतिहासलाई नियाल्दै नेपालले अरूको अनुभवबाट पाठ सिक्नुपर्छ र एउटा स्पष्ट दीर्घकालीन योजना बनाउनु जरुरी छ। नत्र, भविष्यका अवसरहरू पनि विगतकै झैँ हातबाट फुत्किन सक्छन् । रेल केवल एउटा यातायातको साधन मात्र नभइ राष्ट्र निर्माणको आधारशिला पनि हो भन्ने कुरा नेपालले अब ढिलो नगरी बुझ्न आवश्यक छ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ।




# कुष्ठरोगमुक्त नेपालको लक्ष्यः मधेश प्रदेश अझै किन पछाडि?



अनिशा केसी

नेपालले जनवरी २०१० मा राष्ट्रिय स्तरमा कुष्ठरोगलाई सार्वजनिक स्वास्थ्य समस्याका रूपमा उन्मूलन (भिउचयकथ भषिप्लबतष्यल बक ब एगदष्अ ज्भबतिज एचयदभिm) गरेको घोषणा गरेको थियो। सार्वजनिक स्वास्थ्यको अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रति १०,००० जनसंख्यामा एक जना भन्दा कम कुष्ठरोगी (एचभखबभिलअभ च्बतभ ?१/१०,०००) कायम भएपछि यो उपलब्धि हासिल भएको थियो। हाल नेपालमा कुष्ठरोगको प्रचलन दर ०.८८ प्रति १०,००० जनसंख्या रहेको छ। तर, राष्ट्रिय उपलब्धिको झण्डै डेढ दशकपछि पनि मधेश प्रदेशमा यो दर १.२८ प्रति १०,००० जनसंख्या रहेकोले प्रदेशले अझै सार्वजनिक स्वास्थ्य समस्याका रूपमा कुष्ठरोग उन्मूलन गर्न सकेको छैन।

यद्यपि मधेश प्रदेशमा प्रचलन दर राष्ट्रिय औसत भन्दा माथि रहेको छ, पछिल्ला चार वर्षका तथ्याङ्कले कुष्ठरोग नियन्त्रण कार्यक्रम सकारात्मक दिशामा अघि बढिरहेको देखाउँछन्। आर्थिक वर्ष २०७९/८० मा ९४५ नयाँ बिरामी पत्ता लागेकोमा २०८०/८१ मा ८७४, २०८१/८२ मा ८५७ तथा २०८२/८३ को जेठ मसान्तसम्म ५८९ नयाँ बिरामी मात्र पत्ता लागेका छन्। यो तथ्याङ्कले सक्रिय बिरामी खोज, निःशुल्क उपचार सेवा तथा नियमित निगरानी प्रणालीको प्रभावकारिता क्रमशः बढ्दै गएको संकेत गर्दछ।

बालबालिकामा देखिने नयाँ कुष्ठरोगका बिरामीको संख्या पनि क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा ८९ जना, २०८०/८१ मा ८७ जना, २०८१/८२ मा ४० जना र २०८२/८३ को जेठसम्म ३० जना बाल बिरामी पहिचान भएका छन्। यो सकारात्मक संकेत भए पनि बालबालिकामा नयाँ बिरामी देखिनु समुदायभित्र कुष्ठरोगको संक्रमण अझै जारी रहेको प्रमाण हो। सार्वजनिक स्वास्थ्यका दृष्टिले बाल कुष्ठरोगलाई हालसालै भएको संक्रमण (च्भअभलत त्चबलकmष्ककष्यल) को प्रमुख सूचक मानिन्छ। त्यसैले संक्रमणको शृङ्खला अझै पूर्ण रूपमा रोकिएको भन्न सकिने अवस्था छैन।

त्यसैगरी ग्रेड-२ अपाङ्गता भएका नयाँ बिरामीको अवस्थाले अर्को गम्भीर चुनौती उजागर गरेको छ। आर्थिक वर्ष २०७९/८० मा ६६ जना, २०८०/८१ मा ४८ जना, २०८१/८२ मा ५८ जना तथा २०८२/८३ को जेठसम्म ३७ जना नयाँ बिरामी ग्रेड-२ अपाङ्गतासहित निदान भएका छन्। अझ चिन्ताजनक विषय भनेको चालु आर्थिक वर्षमा एक जना बाल बिरामीसमेत ग्रेड-२ अपाङ्गतासहित भेटिनु हो। यसले रोग लामो समयसम्म पहिचान हुन नसकेको, समुदायमा चेतनाको कमी रहेको तथा स्वास्थ्य सेवामा समयमै पहुँच नपुगेको स्पष्ट संकेत गर्दछ।

नयाँ बिरामीको संख्या घट्दै जानु कार्यक्रमको उपलब्धि हो, तर ग्रेड-२ अपाङ्गतासहितका बिरामी फेला पर्नु भनेको ढिलो निदान (ीबतभ म्बिनलयकष्क) अझै पनि ठूलो चुनौती रहेको पुष्टि हो। समयमै रोग पहिचान हुन नसके बिरामी स्थायी अपाङ्गता, सामाजिक विभेद, मानसिक तनाव तथा आर्थिक समस्याको जोखिममा पर्छन्। त्यसैले कुष्ठरोग नियन्त्रण कार्यक्रमको सफलता बिरामीको संख्या घट्नुमा मात्र होइन, रोगलाई प्रारम्भिक चरणमै पहिचान गरी अपाङ्गता हुन नदिनुमा पनि निर्भर गर्दछ।

यस सन्दर्भमा मधेश प्रदेशमा कार्यान्वयन भइरहेको केस-बेस्ड सर्विलेन्स प्रणाली महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ। प्रत्येक नयाँ बिरामीको विवरण, सम्पर्क परीक्षण (ऋयलतबअत क्अचभभलष्लन), उपचारको अवस्था तथा उपचार परिणामलाई नियमित रूपमा अनुगमन गर्ने यो प्रणालीले संक्रमणको शृङ्खला पहिचान गर्न र जोखिमयुक्त क्षेत्र निर्धारण गर्न महत्वपूर्ण भूमिका खेलेको छ। यदि यसलाई थप सुदृढ बनाउँदै डिजिटल रिपोर्टिङ, सम्पर्क परीक्षण तथा डेटा-आधारित निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन सकियो भने मधेश प्रदेशमा कुष्ठरोग नियन्त्रण अझ प्रभावकारी बन्ने अपेक्षा गर्न सकिन्छ।

तर मधेश प्रदेशमा कुष्ठरोग उन्मूलनका लागि केवल नीति, रणनीति र उपचार सेवा मात्र पर्याप्त छैन। समुदायमा अझै पनि कुष्ठरोगबारे चेतनाको कमी, सामाजिक लाञ्छना र विभेद, गरिबी, स्वास्थ्य सेवामा असमान पहुँच, स्वास्थ्य परीक्षणमा ढिलाइ तथा सम्पर्क परीक्षणको अपूर्ण कार्यान्वयन जस्ता सामाजिक तथा स्वास्थ्य प्रणालीसम्बन्धी चुनौतीहरू विद्यमान छन्। यी समस्यालाई सम्बोधन नगरी केवल स्वास्थ्य संस्थामा आउने बिरामीको उपचारबाट मात्र कुष्ठरोग उन्मूलन सम्भव हुँदैन।

अबको आवश्यकता भनेको समुदायमै पुगेर सक्रिय बिरामी खोज (ब्अतष्खभ ऋबकभ ँभतभअतष्यल), घरपरिवारका सम्पर्क व्यक्तिको नियमित परीक्षण (ऋयलतबअत क्अचभभलष्लन), विद्यालय तथा समुदायमा व्यापक जनचेतना, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्थानीय तहको सक्रिय परिचालन, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि र लाञ्छना विरुद्ध सामाजिक अभियान सञ्चालन गर्नु हो। स्वास्थ्य सेवा र समुदायबीचको दूरी घटाउन सकिए मात्र प्रारम्भिक चरणमै बिरामी पहिचान हुने र अपाङ्गता रोकथाम गर्न सकिनेछ।

मधेश प्रदेशले पछिल्ला वर्षहरूमा कुष्ठरोग नियन्त्रणमा उल्लेखनीय प्रगति गरेको छ। नयाँ बिरामी र बाल बिरामीको संख्या घट्दै जानु उत्साहजनक उपलब्धि हो। तर राष्ट्रिय उन्मूलनको घोषणा भएको १६ वर्षपछि पनि प्रदेशमा प्रचलन दर राष्ट्रिय मापदण्डभन्दा माथि रहनु, बाल बिरामीहरू भेटिनु तथा ग्रेड-२ अपाङ्गता भएका नयाँ बिरामी देखिनु अझै पनि संक्रमण समुदायमा कायम रहेको स्पष्ट प्रमाण हो।

कुष्ठरोगमुक्त मधेश निर्माण गर्न केवल स्वास्थ्य कार्यक्रम पर्याप्त छैन; समुदायको सहभागिता, समयमै रोगको पहिचान, सामाजिक लाञ्छनाको अन्त्य र सबैको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु नै अबको प्रमुख प्राथमिकता हुनुपर्छ।

*(केसी स्वास्थ्य निर्देशनालय मधेश प्रदेशमा कार्यरत छिन्)*


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : रितिका एल.इ.डि लाईट उद्योग**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुर<br>प्रा.फ.र.नं. ११६८१/४५३/२०७६/०७७, दर्ता मिति : २०७६/०८/२९, पान नं. ६१२६४४३३७, दर्ता मिति : २०७६/०८/२९<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर वडा नं. २, **प्रोप्राइटर : गोविन राय दनुवार** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : गोबिन राय दनुवार**<br>ना.प्र.नं. १४७८२९१७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०५/१३<br>बाबुको नाम : लक्ष्मी नारायण राय दनुवार<br>बाजेको नाम : जदुराय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचकपुर वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ | **२. नाम : गीता देवी**<br>ना.प्र.नं. २६६०, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०४/०२<br>पतिको नाम : गोबिन राय दनुवार<br>ससुराको नाम : लक्ष्मी नारायण राय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचकपुर वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ |
| | **३. नाम : रितीका कुमारी राय**<br>ना.प्र.नं. १७-०१-७३-०७३१६, जि.प्र.का. धनुषा, जारी मिति : २०५६/०५/१३<br>बाबुको नाम : गोबिन्द राय दनुवार, बाजेको नाम : लक्ष्मी नारायण राय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचकपुर वडा नं. ७, हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ | |
| | **धितोको विवरण** | |
| | गोबिन राय दनुवारको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर वडा नं. ८ क स्थित कित्ता नं. ६१२ को क्षेत्रफल ०-०-९-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## बजेट सच्याउनुपर्ने माग गर्दै प्रदेश सभा बैठक स्थगित




**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेशको प्रस्तुत बजेटमाथि छलफलका लागि बोलाइएको प्रदेश सभाको बैठक प्रतिपक्षी दलको विरोधपछि स्थगित भएको छ।

बैठक बस्ने बितिकै प्रतिपक्षी दलहरु जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले बजेट भद्रगोल रहेको भनी सच्याउन माग गर्दै बैठक अवरुद्ध गर्दा सभामुख रामआशिष यादवले १० मिनेटका लागि बैठक स्थगित गरेका थिए।

सभामुखले सत्तारुढ दल र प्रतिपक्षी दलबीच समन्वय गराउन छलफल गराउंदा समस्या समाधान हुन नसकेपछि भोली बिहीवार पुनः बैठक बस्ने गरी उनले स्थगित गरेका छ्न।

प्रतिपक्षी जसपा नेपालका सांसद उपेन्द महतोले भने मधेश प्रदेशको इतिहासमै यस्तो छिसमिस भद्रगोल बजेट आएको थिएन। उपभोक्ता समिति निरुत्साहिन गर्ने नाममा एक करोडको ल्याइएको बजेटमा १०/१० सम्मको योजना राखि भद्रगोल बनाई दिएको छ। भोलीको दिनमा यो बजेट कार्यान्वयन हुन नसकी असफल हुन जान्छ।

उनका अनुसार सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखे पनि एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेर झन भद्रगोल गरिदिएको छ। कुल रकम एक करोड वा त्यसभन्दा बढी देखाइए पनि भित्री विवरणमा ३ देखि १० वटासम्म योजना समेटिएकाले एक त टेण्डर नै कसैले लिन मान्दैन, यदि टेण्डर लिएपनि कामै नगर्ने अवस्था आउने निश्चित रहेको उनको भनाई छ।

महतोले भने एउटै शिर्षकभित्र मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै समेटिएको छ। पाँचदेखि सात वटासम्म साना योजना एउटै शीर्षकभित्र राखिँदा ठेक्का प्रक्रिया, कार्यान्वयन क्षेत्र, प्राविधिक मूल्यांकन, भुक्तानी र विवाद समाधानमा समस्या आउने निश्चित छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको बजेट वितरण अझ बढी अव्यवस्थित देखिन्छ। महोत्तरीको जलेश्वरमा सडक ढलान तथा रिटेनिङ वाल, मनरासिसवा नगरपालिकाको विद्यालयमा अधुरो भवन निर्माण, डेस्क-बेन्च व्यवस्थापन र कम्पाउन्ड वाल स्तरोन्नतिलाई एउटै एक करोडको शीर्षकमा राखिएको छ। यस्तै बजेट गत आर्थिक वर्ष २०८१/०८२ मा समेत तयार पारिएको थियो। लामो समयसम्म बजेट चल्न नसकेपछि संकल्प प्रस्ताल ल्याएर पुन खुद्रे योजनामा परिवर्तन गरी कार्यान्वयनमा ल्याइएको थियो।

## भुक्तानी माग गर्दै पूर्वाधार र कोलेनिकामा तालाबन्दी

# आर्थिक चलखेलको आरोप



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका निर्माण व्यवसायीहरुले सम्पन्न योजनाको भुक्तानी माग गर्दै भौतिक पूर्वाधार विकास कार्यालय धनुषा र कोष लेखा तथा नियन्त्रकको कार्यालय जनकपुरधामस्थित कार्यालयमा तालाबन्दी गरेको छ।

निर्माण व्यवसायी संघ धनुषाको अगुवाईमा बुधवार बिहान निर्माण व्यवसायीहरुले ती कार्यालयहरुमा तालाबन्दी गरेको हो। काम गर्ने बेलामा रोकिएन, भुक्तानीको अन्तिम समयमा आएर मधेश प्रदेश सरकारका अर्थमन्त्रालयले स्वीकृति नलिएको भनी भुक्तानी रोकेपछि निर्माण व्यवसायीहरु आक्रोशित भएका हुन्।

असार मसान्तमा विकास बजेट खर्च गर्ने समयमै भुक्तानी रोकिँदा निर्माण व्यवसायी गम्भीर आर्थिक संकटमा परेको निर्माण व्यवसायी संघ धनुषाका पूर्व महासचिव विनोद कर्णले बताएका छन्।

बैंक ग्यारेन्टी, मजदुरको पारिश्रमिक, निर्माण सामग्री आपूर्तिकर्ताको रकम तथा बैंकको ऋण तिर्नुपर्ने अवस्थामा सरकारले भुक्तानी नगर्दा व्यवसायीहरू थप समस्यामा परेको उनको भनाई छ। उनका अनुसार ३११११२ शिर्षक नम्बरको विभिन्न जातीय मठ मन्दिर लगायतका आवासीय निर्माणतर्फको योजनाको रकम भुक्तानी अर्थमन्त्रालयले रोकेका छ्न।

कर्णले भने 'पहिला ती शिर्षकको केही योजनाको भुक्तानी गरियो। असार मसान्त सकिन दुई साता बांकी रहेको अवस्थामा एक्कासी अर्थमन्त्रालयले निकासा नै रोकिदिएको भनी कोलेनिका रोक्यो। अर्थमन्त्रालयले पूर्वस्वीकृति नलिएको कारण निकासा रोकियो, रोक्नु नै पर्ने थियो भने टेण्डर भएकै बेलामा रोक्नुपर्थ्यो।'

उनका अनुसार धनुषामा मात्रै यस्ता ४८ वटा योजनाको करीब १४ करोडभन्दा बढीको भुक्तानी रोकिएको हो। प्रदेशभरिमा एक सयभन्दा बढी योजनाको रकम भुक्तानी रोकिएको हुन सक्ने उनको भनाई छ।

यता पूर्वाधार विकास कार्यालय जनकपुरधामका प्रमुख संजीवकुमार साहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुका पदाधिकारीहरुले तालाबन्दी गरेपछि कार्यालयको काम प्रभावित भएको बताएका छन्। उनले गैरआवासिय भवन निर्माण शिर्षकमा पूर्व स्वीकृति नलिइएको भन्दै कोलेनिकाले त्यो शिर्षकमा भुक्तानी रोक्न आफूहरुलाई पत्र काटेको र अर्थ मन्त्रालयबाट बाधा अडकाउ फुकाउको आदेश लिएपछि मात्रै भुक्तानी हुने कोलेनिकाले जनाएको बताए।

योजना टेण्डर हुनुअघि खर्च मार्ग निर्देशिका बमोजिम अर्थमन्त्रालयसँग किन स्वीकृति लिइएन भन्ने प्रसँगमा उनले भने भने हामीले सम्बन्धित मन्त्रालय भौतिक पूर्वाधार विकास कार्यालयमा फाइल पठाएका थियौं। त्यहाँबाट अर्थमन्त्रालयमा समेत फाइल पठाइयो। तर महिनौ दिनसम्म फाइल रोकेर राखियो पछि के भयो थाहा भएन। मन्त्रालयकै आदेशमा टेण्डर गरिएको थियो।

आर्थिक वर्षको अन्तिम समयमा आएर कमिशनका लागि अर्थमन्त्रालयले गत तीन वर्षदेखि पूर्व स्वीकृति नलिएको भनी विभिन्न मन्त्रालयको भुक्तानी रोक्का गर्ने प्रवृति नै अर्थमन्त्रालयको कायम भइसकेको एक कर्मचारीले बताएका छन्। उनले भने प्रत्येक वर्ष असार १५ पछि कहिले पूर्वस्वीकृति नलिएको त त कहिले रकम अपुग भएको भनेर भुक्तानी रोक्का गर्ने गरिएको छ।

पछि सम्बन्धित मन्त्रालयका मन्त्रीसँग कुरा मिलेपछि अर्थमन्त्रालयको रकम पुग्छन र पुर्वस्वीकृतिको मुद्दा पनि हराउंछ। कुरा नमिल्दा भुक्तानी रोकेर राख्नेपछि १८ नम्बर फारम भरेर भुक्तानी गर्ने नभए ठेकेदार पक्षका मन्त्री भए सोही योजनालाई दोहरयाउँदै वा थप स्तरोन्नति भनेर भुक्तानी गर्ने गरेको प्रवृति चलिरहेको उनको दाबी छ।

भौतिक पूर्वाधार विकास कार्यालयका कर्मचारी भन्छन ' योजना पुस्तिकामा पारित भई पीएलएमबीएस चढिसकेका योजना त रोक्नै मिल्दैन। तर व्यक्तिगत स्वार्थ पुरा गर्न अर्थमन्त्री र अर्थमन्त्रालयका सचिवले पूर्व स्वीकृति नलिएको भनी तत्कालिन अर्थमन्त्री सुनिल यादव र सचिव रामकुमार महतोको पालादेखि भुक्तानी रोक्काको चलखेल चल्दै आएको छ।

उता अर्थमन्त्री युवराज भट्टराईले यो समस्या मैले उब्जाएको होइन ११ महिनाअघि अर्थमन्त्रालयले जारी गरेको बजेट खर्च मार्ग निर्देशिकाको तोकिएको शिर्षकमा पूर्व स्वीकृति लिनुपर्ने प्रावधानले भएको हो। सम्बन्धित मन्त्रालयले पनि तोकिएको शिर्षकमा पुर्वस्वीकृति लिनुपर्ने भनिसकेको अवस्थामा बिना स्वीकृतिको टेण्डर लगाउंदा समस्या आउँछ नै, तर हामी समस्या हल गर्ने तर्फ लागेका छौं)'। भोलीसम्म समस्या समाधान हुनेछ।

## फरार १७ जना प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका १७ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार रहेका प्रतिवादीहरूको खोजतलास गरी पक्राउ गरिएको हो।

पक्राउ परेकालाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ। पक्राउ परेका व्यक्तिहरू चेक अनादर, जालसाजी, कुटपिट तथा लुटपाट, वन पैदावार, लेनदेन, गर्भपतन र चोरीलगायत विभिन्न मुद्दामा दोषी ठहर भएका थिए। उनीहरूमध्ये केहीलाई एक महिनासम्म कैद सजाय तोकिएको थियो भने अन्यलाई एक हजारदेखि १५ हजार रुपैयाँसम्म जरिवाना गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियान निरन्तर सञ्चालन भइरहेको बताए। उनले अदालतबाट सजाय तोकिएपछि फरार रहेका अन्य व्यक्तिको खोजी पनि जारी रहेको जानकारी दिएका छन्।

## बसको ठक्करबाट बालिकसहित दुईको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। सिरहामा एक स्कुल बसको दुर्घटनामा परी एक ५ वर्षीया बालिका र बसका सहचालकको मृत्यु भएको छ।

सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ पर्सास्थित भित्री सडकखण्डमा विद्यार्थीलाई घरमा छोडेर विद्यालयतर्फ फर्कंदै गरेको को १ ख ३५९९ नम्बरको पायोनियर एजुकेशन एकेडेमीको बसबाट बालिकालाई ओराल्ने क्रममा दुर्घटना भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बालिकालाई झारेर बस अगाडि बढ्ने क्रममा पछाडिको चक्काले किच्दा बसका सहचालक लहान नगरपालिका-२२ का २५ वर्षीय ओमप्रकाश यादव र सोही विद्यालयमा अध्ययनरत ५ वर्षीया समिक्षा कुमारी साहको घटनास्थलमै मृत्यु भएको हो।

मृतक समिक्षा सप्तरीको बोधेबरसाइन नगरपालिका-८ काचन स्थायी घर भएकी हुन्। उनी हाल मावलीको घर सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ पर्सामा बस्दै आएकी थिइन्। दुर्घटनापछि बस चालक फरार रहेको र उनको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ। घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

## अल्टिमाको अफर :

## ९९ मा एयरबड्सको शो रुम जनकपुरधाममा, अफरैअफर

**टुडे समाचारदाता**

जनकपुरधाम, । नेपालमा अडियो, स्मार्ट वेयरेबल तथा मोबाइल एक्सेसरिजका क्षेत्रमा नम्बर वन रहेका ब्राण्ड रहेका अल्टिमा लाइफस्टाइलले जनकपुरधाममा सञ्चालनमा आएको छ।

जनकपुरधामका भानुचोकमा स्थापना गरिएको शोरुमबाट बुधबारदेखि औपचारिक रूपमा बिक्री-वितरण सुरु गरेका हुन्। शोरुम उद्घाटन तथा विशेष अफर ग्राहकलाई दिइएको छ। अल्टिमा लाइफस्टाइलका जनरल म्यानेजर प्रज्वल्ल ढकालले उद्घाटनको अवसरमा ग्राहकका लागि विभिन्न आकर्षक योजनाहरु वितरण गरिएको जनाएको छ।

उनका अनुसार पहिलो ९९ जना ग्राहकले अल्टिमाको इयरबड्स मात्र ९९ रुपैयाँमा खरिद गरेको र यी बाहेक चयनित स्मार्टवाच र ब्लुटुथ स्पिकरमा पनि विशेष छुटको व्यवस्था गरिएको थियो। साथै ८ हजार रुपैयाँका खरीदमा एअरबड्स १० हजार रुपैयाँभन्दा माथिको खरिदमा स्मार्टवाच उपहार प्रदान गरिएको छ।

ढकालले अल्टिमा लाइफस्टाइलले नेपाली उपभोक्ताको




आवश्यकता र बजेटलाई ध्यानमा राखेर गुणस्तरीय अडियो तथा स्मार्ट ग्याजेट बजारमा उपलब्ध गराउँदै आएको बताए। कम्पनीका वायरलेस इयरबड्स, स्मार्टवाच, नेकब्यान्ड, ब्लुटुथ स्पिकर, चार्जर, डाटा केबललगायतका सबै आधिकारिक उत्पादनमा वारेन्टी तथा बिक्रीपछिको सेवा उपलब्ध हुने उनले जानकारी दिएका छन्।

उनले जनकपुरधाममा शोरुम विस्तारसँगै मधेश प्रदेशका ग्राहकलाई आधिकारिक उत्पादन, सहज वारेन्टी सेवा र बिक्रीपछिको गुणस्तरीय सेवा स्थानीय स्तरमै उपलब्ध गराउने उद्देश्य रहेको बताए।

जनकपुरधामस्थित शोरुमकी प्रोप्राइटर अमृता साहले स्थानीय ग्राहकलाई गुणस्तरीय र आधिकारिक उत्पादन सहज रूपमा उपलब्ध गराउने लक्ष्यका साथ फ्रेन्चाइज सञ्चालनमा ल्याइएको बताएकी छिन्।

पछिल्ला केही वर्षयता नेपाली बजारमा तीव्र रूपमा लोकप्रिय बन्दै गएको अल्टिमा लाइफस्टाइलले आधुनिक डिजाइन, किफायती मूल्य र गुणस्तरीय उत्पादनका कारण विशेषगरी युवा पुस्तामाझ छुट्टै पहिचान बनाउन सफल भएको छ।

## एचआईभीसम्बन्धी विभेद अन्त्य गर्न अभिमुखीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । एचआईभी संक्रमित व्यक्तिमाथि हुने भेदभाव तथा लाञ्छनासहितका विभेदविरुद्ध जनकपुरधाममा सरोकारवालाहरुबीचअभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

स्वास्थ्य कार्यालय धनुषाले जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा स्वास्थ्यकर्मी, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि र सरोकारवालाको सहभागिता रहेको थियो।

सहभागीबीच एचआईभी संक्रमित व्यक्तिको अधिकार संरक्षण, गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच, सामाजिक विभेद न्यूनीकरण तथा जनचेतना विस्तारका विषयमा अन्तरक्रिया गरिएको छ।

छलफलका क्रममा एचआईभीबारे समाजमा रहेका भ्रम र गलत धारणालाई हटाई वैज्ञानिक तथ्यका आधारमा व्यवहार गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। सहभागीहरूले संक्रमित व्यक्तिप्रति सम्मानजनक र समावेशी दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिएका थिए।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवका अनुसार पछिल्ला वर्षहरूमा जिल्लामा एचआईभी संक्रमितको संख्या बढ्दो क्रममा देखिएकाले सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिइएको हो। उनले विशेषगरी ग्रामीण क्षेत्रमा शिक्षा र जनचेतनाको अभाव तथा वैदेशिक रोजगारीका कारण संक्रमणको जोखिम बढिरहेको बताए।

उनले एचआईभी संक्रमित व्यक्तिप्रति समाजमा अझै पनि विभेदपूर्ण व्यवहार कायम रहेकाले त्यसको अन्त्यका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरे। जनकपुरधामका केही होटल तथा रेस्टुरेन्टलाई समेत जनचेतना विस्तारका सन्दर्भमा चुनौतीपूर्ण क्षेत्रका रूपमा औंल्याउँदै आगामी दिनमा व्यवसायीसँग सहकार्य गरेर लक्षित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिए।

स्वास्थ्य कार्यालय धनुषाले यस्ता कार्यक्रमले एचआईभी संक्रमित व्यक्तिमाथि हुने सामाजिक विभेद न्यूनीकरण गर्नुका साथै सम्मानपूर्ण व्यवहार र सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश दाहाललगायतले एचआईभी सम्बन्धी जनचेतना अभिवृद्धि र सामाजिक सहकार्यको आवश्यकतामाथि धारणा व्यक्त गरेका थिए।


### माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०२/१५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रानी कुमारी साह**
**सिम्बोल नं.: ९१८२८८७६**
**रजिष्ट्रेशन नं.: ८०२१८०११०१२२**
**ठेगाना:जि.म. मनरासिश्वा न.पा.-३**
**मो.नं. ९८०४८८०२४०**



### धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०३/३२ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०४/०४ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : श्याम कुमार कार्की<br>ना.प्र.नं. २३९, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४२/११/२६<br>पतिको नाम : गंगा बहादुर कार्की<br>ससुराको नाम : मोहन बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, लदाभिर वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ | नाम : प्रमिला प्रसाई<br>ना.प्र.नं. १८९२/१०७३८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४४/०७/१७<br>पतिको नाम : श्याम कुमार कार्की<br>ससुराको नाम : गंगा बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, सितलपटी वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ |
| | धितोको विवरण | |
| | प्रमिला प्रसाईको नाममा मालपोत कार्यालय कटारी, उदयपुरमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, कटारी, वडा नं. २ घ स्थित कित्ता न. ६०, ६२ र ५६६ को क्षेत्रफल क्रमशः ०-११-१७-०, ०-११-१४-० र ०-९-०-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



### विभान्ता रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१७**

मधेश प्रदेश, धनुषा जिल्ला, क्षीरेश्वरनाथ नगरपालिकामा विभान्ता रिसोर्ट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क्षीरेश्वरनाथ नगरपालिका वडा नं. १, रमदैया, धनुषा जिल्ला, मधेश प्रदेश | |
| प्रस्तावको व्यहोरा | प्रस्तावः विभान्ता रिसोर्ट<br>मुख्य विशेषताः | |
| | आयोजना रहेको जग्गाको कुल क्षेत्रफल | १०,०९१ वर्ग. मि. |
| | कित्ता नं. | ५२६, ४३६, ७६२, ७६३, ९८२ |
| | आयोजनाको उद्देश्य | रिसोर्टको निर्माण तथा सञ्चालन |
| | जम्मा कोठा तथा बेड क्षमता | ६० कोठामा ८० बेड |
| प्रभाव पर्न सक्ने जिल्ला /न.पा. | धनुषा जिल्ला, क्षीरेश्वरनाथ नगरपालिका वडा नं. १, रमदैया | |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सिलसिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम (७) उपनियम (२) को प्रावधान अनुसार राय सुझाव सङ्कलन प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। उक्त प्रस्ताव (रिसोर्टको निर्माण तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु पठाउनु हुन सम्बन्धित स्थानीय, सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं।

**राय सुझाव पठाउने ठेगाना**

| प्रस्तावकः | सम्बन्धित नगरपालिकाः | परामर्शदाताः |
|---|---|---|
| विभान्ता रिसोर्ट<br>क्षीरेश्वरनाथ न.पा. वडा नं. १, धनुषा, मधेश प्रदेश,<br>फोन नंः ९८५१०६३७८८ | क्षीरेश्वरनाथ नगरपालिका वडा नं. १, धनुषा, मधेश प्रदेश,<br>फोन नंः +९७७-०४१-५४०००७<br>इमेलः kshireshwornathmun@gmail.com | जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,<br>फोन नंः ०१-५९१४३५४<br>इमेल info.jerc@gmail.com |


## ट्राफिक नियम पालना गर्नुपर्ने आग्रह




**टुडे समाचारदाता**

जनकपुरधाम । सडक सुरक्षासम्बन्धी जनचेतनामूलक सूचना जारी गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले ट्राफिक नियमको अनिवार्य पालना गर्न सबै सवारी चालक तथा यात्रुलाई आग्रह गरेको छ।

कार्यालयले विशेषगरी मोटरसाइकल प्रयोगकर्तालाई लक्षित गर्दै हेल्मेट अनिवार्य प्रयोग गर्न, मोटरसाइकलमा दुईजना मात्र सवार गर्नुपर्ने नियम कडाइका साथ पालना गर्न आग्रह गरेको बुझिएको छ।

ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्रालाई सुनिश्चित गर्न नियमको पालना अपरिहार्य रहेको उल्लेख गर्दै लापरवाही नगर्न सर्वसाधारणलाई सचेत गराएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार ट्राफिक नियम उल्लंघनका कारण सडक दुर्घटनाको जोखिम बढ्ने भएकाले सबैले जिम्मेवार भएर सवारी सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ।

# एमएसएस मापनमा प्रादेशिक अस्पताल जनकपुरधाम प्रदेशमै उत्कृष्ट

**स्वास्थ्य सेवा, व्यवस्थापन, सरसफाइ, जनशक्ति परिचालन, उपकरणको उपलब्धता तथा बिरामीमैत्री सेवामा निरन्तर सुधार गर्दै आएको अस्पतालले ७२ अंक प्राप्त गर्दै प्रदेशका सरकारी अस्पतालमध्ये पहिलो स्थान हासिल गरेको हो । स्वास्थ्य मन्त्रालयले देशभरका अस्पतालहरुको गरेको एमएसएस मापनमा पोखरा विज्ञान प्रतिष्ठान ल्याएको ७१ अंक भन्दा बढी मधेश स्वास्थ्य विज्ञानको प्रादेशिक अस्पताले ७२ अंक रहेको छ ।**

**सुभाष कर्ण**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित प्रादेशिक अस्पताल जनकपुरधाम न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्याङ्कनमा मधेश प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको छ ।

स्वास्थ्य सेवा, व्यवस्थापन, सरसफाइ, जनशक्ति परिचालन, उपकरणको उपलब्धता तथा बिरामीमैत्री सेवामा निरन्तर सुधार गर्दै आएको अस्पतालले ७२ अंक प्राप्त गर्दै प्रदेशका सरकारी अस्पतालमध्ये पहिलो स्थान हासिल गरेको हो । स्वास्थ्य मन्त्रालयले देशभरका अस्पतालहरुको गरेको एमएसएस मापनमा पोखरा विज्ञान प्रतिष्ठान ल्याएको ७१ अंक भन्दा बढी मधेश स्वास्थ्य विज्ञानको प्रादेशिक अस्पताले ७२ अंक रहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशअन्तर्गत स्वास्थ्य निर्देशनालयले गरेको अनुगमन तथा मूल्यांकनमा प्रादेशिक अस्पताल जनकपुरधाम सबैभन्दा बढी ७२ अंकसहित उत्कृष्ट घोषित भएको हो । मूल्यांकन अनुसार गौर अस्पताल ७० अंकसहित दोस्रो, सिरहा अस्पताल ६२ अंकसहित तेस्रो, कलैया अस्पताल चौथो, लहान अस्पताल पाँचौं, जलेश्वर अस्पताल छैटौं तथा मलंगवा अस्पताल सातौं स्थानमा परेका छन् ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहले अस्पतालको निरन्तर सुधार, सेवाको गुणस्तरमा गरिएको लगानी तथा कर्मचारीहरूको समर्पणका कारण यो उपलब्धि सम्भव भएको बताए । उनका अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा अस्पतालले सेवा प्रवाह, व्यवस्थापन र पूर्वाधार विकासमा उल्लेखनीय सुधार गरेको छ ।

उनले बिरामीले पाउने सेवा-सुविधा, अस्पतालमा उपलब्ध आधुनिक उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मीको नियमित ड्युटी व्यवस्थापन, सरसफाइ, औषधिको उपलब्धता तथा जनशक्ति व्यवस्थापनलाई प्राथमिकताका साथ सुधार गरिएकाले सकारात्मक नतिजा प्राप्त भएको बताए ।

"चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, कर्मचारी तथा प्रतिष्ठानका पदाधिकारीहरूको सामूहिक मेहनत र सकारात्मक सोचका कारण आज प्रादेशिक अस्पताल प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको हो," डा. साहले भने ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले निर्धारण गरेका गभर्नेन्स, क्लिनिकल सेवा, एलाइड हेल्थ सेवा, व्यवस्थापन तथा बिरामी सुरक्षासम्बन्धी प्रमुख सूचकमा अस्पतालले राम्रो अंक प्राप्त गरेको प्रतिष्ठानले जनाएको छ ।




तीन सय शैयाको स्वीकृति प्राप्त प्रादेशिक अस्पताल जनकपुरधामले हाल ३४० शैयाबाट सेवा प्रदान गरिरहेको छ । अस्पतालले थप ८० शैया विस्तार गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । अस्पतालमा हाल १२ बेड आईसीयू, १० बेड एनआईसीयू तथा १० बेड एचडीयू सञ्चालनमा छन्, जसले जटिल अवस्थाका बिरामीलाई गुणस्तरीय उपचार उपलब्ध गराउन सहयोग पुऱ्याएको छ ।

प्रतिष्ठान अन्तर्गत गाभिएपछि पछिल्ला पाँच वर्षमा अस्पतालको सेवा उपयोग गर्ने बिरामीको संख्या ठूलो फड्को मारेको एमएससको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७७/७८ मा अस्पतालको ओपीडीबाट ७७ हजार ५५२ जनाले सेवा लिएका थिए । तर चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म यो संख्या बढेर दुई लाख ६ हजार ४८३ पुगेको छ। आर्थिक वर्ष समाप्तिसम्म ओपीडी सेवाग्राहीको संख्या दुई लाख १६ हजार ६३३ पुग्ने अनुमान गरिएको प्रतिष्ठानका रजिस्ट्रार डा. विनोद यादवले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षमा १५ हजार १४८ जना बिरामी अस्पतालमा भर्ना भएका छन् भने ३१ हजार २२१ जनाले आकस्मिक (इमरजेन्सी) सेवा लिएका छन् । यसले अस्पतालप्रति नागरिकको विश्वास निरन्तर बढिरहेकाले सो अस्पतालमा धनुषा, महोत्तरी, सर्लाही र सिरहासम्मको बिरामी दिनहुँ उपचार गराउन आइरहेको उनले बताए ।

### अत्याधुनिक स्वास्थ्य सेवा विस्तार

प्रादेशिक अस्पताल जनकपुरधामले सामान्य उपचारदेखि जटिल स्वास्थ्य सेवासम्म एकै स्थानबाट उपलब्ध गराउँदै आएको छ। अस्पतालमा ओपीडी, इमरजेन्सी, सर्जरी, बर्थिङ सेन्टर, क्याथल्याब, मोडुलर अपरेशन थिएटर, राष्ट्रियस्तरको प्रयोगशाला, एमआरआई, सीटी स्क्यान, अल्ट्रासाउण्ड, एक्स-रे, मेमोग्राफी, एन्जियोग्राफी, एआरटी सेवा, फिजियोथेरापी लगायतका अत्याधुनिक सेवा सञ्चालनमा छन् ।

अस्पतालमा दैनिक २५ भन्दा बढी शल्यक्रिया हुने गरेको छ भने मोडुलर अपरेशन थिएटरमार्फत दैनिक कम्तीमा पाँच जनाको जटिल शल्यक्रिया सम्पन्न हुने गरेको अस्पतालले जनाएको छ । न्यूरोसम्बन्धी उपचारका लागि पनि दैनिक १५ भन्दा बढी बिरामीले सेवा लिइरहेका छन् ।

प्रसूति सेवातर्फ अस्पतालले वार्षिक करिब सात हजार महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ। उत्कृष्ट मातृ तथा प्रसूति सेवाका आधारमा अस्पताल देशकै दोस्रो उत्कृष्ट सरकारी अस्पतालको रूपमा समेत परिचित रहेको प्रतिष्ठानको दाबी छ ।

अस्पतालले स्वास्थ्य बीमा कार्यक्रम, मानसिक स्वास्थ्य (साइकियाट्रिक) सेवा, मेडिको-लिगल सेवा, पल्मोनरी फङ्सन टेस्ट (पीएफटी), परिवार नियोजन, एआरभी सेवा, ईईजी, इन्डोस्कोपी, इम्युनोलोजी, सर्पदंश उपचार, विभिन्न खोप सेवा, टेलिमेडिसिन तथा सशुल्क र निःशुल्क फार्मेसी सेवा सञ्चालन गर्दै आएको छ ।

अस्पतालका निर्देशक डा. जामुन सिंहका अनुसार स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत मात्रै ७५ हजारभन्दा बढी सेवाग्राहीले उपचार सेवा लिइसकेका छन् । उनले आगामी दिनमा सेवा विस्तारसँगै उपचारको गुणस्तरलाई अझ प्रभावकारी बनाउने लक्ष्य रहेको बताए ।

### चिकित्सा शिक्षाको केन्द्र बन्दै प्रतिष्ठान

स्वास्थ्य सेवा मात्र नभई चिकित्सा शिक्षामा पनि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नो दायरा विस्तार गरिरहेको छ। प्रतिष्ठानमा हाल एमबीबीएस, एमडी/एमएस, बीएनएस, बीएससी नर्सिङ, ल्याब मेडिसिन तथा बीपीएच कार्यक्रम सञ्चालनमा छन् ।

प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डितका अनुसार हाल एमबीबीएसमा ५०, एमडी/एमएसमा २१ तथा बीएनएस, बीएससी नर्सिङ, ल्याब मेडिसिन र बीपीएचमा जनही २०/२० विद्यार्थी अध्ययनरत छन्। दक्ष स्वास्थ्य जनशक्ति उत्पादनसँगै उपचार सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले प्रतिष्ठानले शैक्षिक कार्यक्रमलाई थप विस्तार गर्ने तयारीसमेत गरिरहेको उनले बताए ।

# राष्ट्रिय वाणिज्य बैंकका ५ कर्मचारीलाई जोगाउन सरुवा




**टुडे समाचारदाता**

जलेश्वर । राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाका कर्मचारी, धितो मूल्यांकनकर्ता र भूमि प्रशासन कार्यालयका कर्मचारीको मिलेमतोमा सरकारी कागजात कीर्ते गरी गरिएको ६० लाख रुपैया ऋण प्रवाहको छानबिन शुरु गरिएको छ ।

बैंक र भूमि प्रशासन कार्यालय जलेश्वरका कर्मचारीको मिलेमतोमा छाप र कर्मचारीको हस्ताक्षरसमेत किर्ते गरेको, फर्जी लालपुर्जा, फर्जी रोक्का र फर्जी लिखतका आधारमा राष्ट्रिय वाणिज्य बैंक जलेश्वरबाट लोहारपट्टी नगरपालिका- ४ बस्ने श्रीनारायण साहको नाममा २०८३ जेठ १ गते ६० लाख रुपैयाँ ऋण प्रवाह भएको समाचार जनकपुर टुडेले प्रकाशन गरेपछि राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय काठमाण्डुले छानबिन शुरु गरेको छ ।

छानबिनको क्रममा फर्जी कागजातकै आधारमा ६० लाख रुपैयाँ ऋण प्रवाह गरेको घटनामा संलग्न रहेका बैंकका जलेश्वर शाखा प्रबन्धक प्रदीप कुमार झालाई राष्ट्रिय वाणिज्य बैंक मधेश प्रदेश कार्यालय वीरगञ्ज, सहायक शाखा प्रबन्धक प्रिया झालाई मिर्चैया शाखामा कर्जा इन्चार्ज, राकेश यादवलाई लालबन्दी शाखामा सहायक कर्जा इन्चार्ज, रोशन चौधरीलाई कलैया शाखामा र अजय कुमार यादवलाई वीरगञ्ज शाखामा सरुवा गरिएको बैंकको केन्द्रीय कार्यालयले जनाएको छ ।

महोत्तरी जिल्लाको बलवा नगरपालिका- ३ का रामकरण साह कानुबाट २०८३ वैशाख २८ मा लोहारपट्टी नगरपालिका- ४ का श्रीनारायण साहले बलवा - १ को कित्ता नम्बर ७०९ को १३ धुर जग्गा खरिद गरेका थिए। श्रीनारायण साहले जग्गाको नक्कली धनीपुर्जामा २०८० पुस २० गते मिति परिवर्तन गरी र किर्ते कागजपत्रहरूका आधारमा राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाबाट ६० लाख रूपैयाँ कर्जा लिएका थिए ।

राष्ट्रिय वाणिज्य बैंक जलेश्वरले जग्गा रोक्काका लागि २०८३ वैशाख ३० गते भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्र पठाएको थियो । बैंकले २०८३ जेठ १ गते ऋण स्वीकृत गरेको थियो ।

साहले जग्गा खरिद गरेको दुई दिनमा नै बैंकले जग्गा रोक्काको लागि भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्राचार गरेको थियो । भूमि प्रशासनमा जग्गा रोक्काको पत्राचार गरेको चौथों दिनमा ६० लाख रुपैयाँ ऋण स्वीकृत गरिएको थियो ।

बैंक स्रोतका अनुसार ऋण स्वीकृत गर्न बैंकको केन्द्रीय कर्जा महाशाखाबाट निर्णय हुनु पर्ने प्रावधान छ। जलेश्वर शाखाले जग्गा पारित हुनु अगावै त्यसको मूल्यांकन लगायतका कार्यहरु गरेको देखिन्छ । वैशाख २८ गते जग्गा ऋणी श्रीनारायण साहले आफ्नो नाममा पारित गराएको छ।

सो जग्गा पारित भएपछि नक्कली लालपुर्जा २०८० पुस २० गतेको मिति परिवर्तन गरी तयार गरिएको थियो । तर त्यो जग्गालाई बैंकमा राख्ने सम्पूर्ण प्रक्रिया अगाडि नै पूरा गरिसकिएको थियो ।

बैंकका कर्मचारीहरुका अनुसार २८ गते जग्गाको रजिष्ट्रेशन भएको र दुई दिनपछि नै रोक्काको लागि भूमि प्रशासन कार्यालयमा पत्राचार हुनु बैंकको कर्मचारीहरुको मिलेमतो प्रष्ट रहेको देखिन्छ ।

बैंक डुबाउने कार्यमा संलग्न रहेकाहरुलाई प्रशासनिक कारबाही गनु पर्नेमा बैंकले उनीहरुलाई जोगाउन सरुवा गरेको एकजना कर्मचारीले जनाएका छन् । 'बैंकिंग कसुर र फौजदारी अपराध भएकोले अनुसन्धानको जिम्मेवारी प्रहरी प्रशासनलाई दिनुपर्छ' उनले भने, तर बैंकले घटनामा संलग्न रहेकाहरुलाई सरुवा गरेर जोगाउन खोजेको छ।

सरकारी कागजात किर्ते गर्नेमा ऋणी साह अथवा भूमि प्रशासनका कर्मचारी वा दुबै मात्र रहेको भने विषयलाई पनि लुकाइएको छ । बैंकका कर्मचारीहरुको प्रत्यक्ष संलग्नता बिना किर्ते कागजातको आधारमा ६० लाख रुपैया ऋण प्रवाह सम्भव छैन ।

बैंकले ऋणीबाट असुल गर्न त्यसमा भाग लिएकाहरुलाई समेत कारबाहीको दायरामा ल्याउन आवश्यक छ । राष्ट्रिय वाणिज्य बैंकमा विगतमा पनि यस्ता घटनाहरु भएको थियो । त्यसकारण नै तत्कालीन समयमा बैंक भारी घाटामा गएको थियो ।

बैंक डुबाउने अपराधमा संलग्न कर्मचारीहरुलाई बैंकले सरुवा गर्नु कारबाही नभएको नाम सार्वजनिक नगर्ने सर्तमा एकजना कर्मचारीले बताए । 'कर्मचारीको सरुवा नियमित प्रक्रिया नै हो' उनले भने, फौजदारी अपराध गर्नेलाई सरुवा गरेर उन्मुक्ति दिनु बाहेक केही होइन । बैंकले घटनाको छानबिन र कारबाहीको जिम्मा प्रशासनिक निकायलाई दिनुपर्ने उनले बताए ।

बाहिरै फाइल बनाइ भूमि प्रशासन कार्यालयको छाप र दस्तखतसमेत किर्ते गरेको विषय सार्वजनिक भएपछि महोतरी प्रशासनले चासो समेत लिएको थियो । यस प्रकरणमा भुमि प्रशासन कार्यालयको छाप र दस्तखत किर्ते गरिएकाले आवश्यक कारबाहीका लागि प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिएको महोतरी भूमि प्रशासन कार्यालयका प्रमुख झाको भनाइ थियो ।

बैंकले ऋण दिंदा जग्गा रोक्काका लागि बैंक कर्मचारी नै जाने गरेका छन् । यसका साथै रोक्का अगाडि बैंकले नै खटाएको व्यक्ति मूल्यांकन गर्नसमेत जाने गर्छन् । शाखा प्रबन्धकले पनि कागजात अध्ययन गरेपछि मात्र ऋण दिने व्यवस्था छ ।

# अपांगता भएका व्यक्तिको पहुँच बढाउनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक विभेद, पहुँचयुक्त स्वास्थ्य सेवा र सञ्चारको अभावका कारण अपाङ्गता भएका महिलाहरू दोहोरो विभेदमा परेको भन्दै मधेश प्रदेशले यस क्षेत्रमा छुट्टै नीति, पहुँचयुक्त सेवा र प्रभावकारी समन्वय अघि बढाउनुपर्नेमा वक्ताहरुले जोड दिएका छन् ।

जनकपुरधाममा बुधबार आयोजित 'यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुँचका लागि अपांगता भएका व्यक्तिका संस्थाहरूको क्षमता सुदृढीकरण कार्यक्रमअन्तर्गत प्रदेशस्तरीय समन्वय बैठकमा सहभागीहरूले अपांगता भएका व्यक्तिको यौन तथा प्रजनन अधिकारलाई अझै पनि समाजले स्वीकार गर्न नसकेको गुनासो गरेका छन् ।

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका महिलामाथि हुने यौन हिंसा, बलात्कार, दुर्व्यवहार तथा लागूऔषध दुर्व्यसनसँग सम्बन्धित घटनामा उनीहरू झन् बढी जोखिममा पर्ने बताए। बोल्न वा आफ्नो कुरा राख्न कठिनाइ हुने महिला तथा किशोरीहरू हिंसाको सिकार हुँदा पनि न्याय र स्वास्थ्य सेवासम्म पुग्न नसक्ने अवस्था रहेको उनीहरूको भनाइ थियो ।



सहभागीहरूले अपाङ्गता भएका व्यक्तिलाई पनि अन्य नागरिकसरह विवाह गर्ने, परिवार बनाउने, बच्चा जन्माउने वा नजन्माउने, कति बच्चा जन्माउने तथा सुरक्षित गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार संविधानले सुनिश्चित गरेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन हुन नसकेको बताए ।

बैठकमा दृष्टिविहीन तथा बहिरा समुदायका प्रतिनिधिहरूले सरकारी कार्यालय र स्वास्थ्य संस्थामा सांकेतिक भाषाका दोभाषे, ब्रेल सामग्री तथा सहज सञ्चार प्रणालीको अभावका कारण सेवा लिन कठिनाइ भइरहेको बताएका छन्। दृष्टिविहीन बालबालिकाका लागि थप विशेष विद्यालय तथा पहुँचयुक्त शैक्षिक वातावरण निर्माण गर्नुपर्ने माग उनीहरुले गरेका छन् ।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने दिशामा पछिल्ला वर्षहरूमा सकारात्मक परिवर्तन भइरहेको बताए । उनले पहिले अपांता भएका व्यक्तिका लागि शिक्षाको अवसर निकै सीमित भए पनि अहिले सांकेतिक भाषासहितका विद्यालय सञ्चालन हुन थालेको, सूचना पहुँचमा सुधार आएको तथा अस्पतालहरूमा लिफ्टलगायत पहुँचयुक्त पूर्वाधार निर्माण शुरु भइसकेको जानकारी गराएका थिए ।

कार्यक्रममा बोल्दै शिक्षा विकास तथा समन्वय इकाइ धनुषाका प्रमुख प्रताप सिंह धामीले नीति र व्यवहारबीच अझै ठूलो दूरी रहेको बताए । साना साना व्यवहारिक पक्षमा समेत राज्य चुकेको उल्लेख गर्दै उनले गुणस्तरीय र पहुँचयुक्त सेवा विस्तारमा सरकारको प्रत्यक्ष जिम्मेवारी हुनुपर्ने धारणा राखे ।

बैठकमा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिलाई सरकारले उपलब्ध गराउने सहुलियत, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा कार्यक्रमबारे जानकारीको अभाव रहेको बताए।

कम उमेरमै विवाह हुने, चाँडै सन्तान जन्माउने, परिवार नियोजनका साधन र सेवाबारे जानकारी नपाउने समस्या अपाङ्गता भएका महिलामा अझ बढी देखिएको उनीहरूको भनाइ थियो ।

# होटलमा अनुगमन, बौवा होटललाई २५ हजार रुपैया जरिवाना




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको पूर्वपश्चिम राजमार्ग क्षेत्रका होटल तथा किराना पसलमा संयुक्त अनुगमन गरिएको छ । होटल तथा रेस्टुरेन्टमा अस्वच्छ र गुणस्तरहीन खाना बिक्री भइरहेको भन्दै सर्वसाधारणबाट गुनासो बढ्न थालेपछि अनुगमन गरिएको हो ।

मधेश प्रदेश सरकारको गृह, कानुन तथा सञ्चार मन्त्रालयको नेतृत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधाम तथा जिल्ला प्रशासन कार्यालय धनुषाको संयुक्त टोलीले राजमार्ग अन्तर्गतको लालगढ र ढल्केबर क्षेत्रमा सञ्चालित होटल तथा पसलमा अनुगमन गरेको हो ।

अनुगमनका क्रममा अधिकांश होटलमा खाद्य स्वच्छतासम्बन्धी मापदण्ड पूर्ण रूपमा पालना नगरेको, म्याद नाघेका खाद्य सामग्री भण्डारण गरिएको तथा अखाद्य सामग्रीको प्रयोग भएको भेटिएको टोलीले बताएका छन् ।

लालगढस्थित बौवा होटलमा मापदण्डविपरीत प्रयोग गरिएको तेलमा पकाइएको करिब १५ किलो माछा मासु नष्ट गरिएको छ। उक्त होटललाई खाद्य ऐन उल्लंघन गरेको भन्दै २५ हजार रुपैयाँ जरिवाना समेत गरिएको अनुगमन टोलीले जनाएको छ।

त्यसैगरी, लालगढ र ढल्केबर क्षेत्रमा सञ्चालित गौतम, पुकार, थापा, कोमललगायत नौ वटा होटल तथा केही किराना पसलमा पनि अनुगमन गरिएको थियो । अनुगमनका क्रममा भेटिएका म्याद गुज्रिएका खाद्य सामग्री तत्काल नष्ट गरिएको छ ।

अनुगमन टोलीले होटल व्यवसायीलाई स्वच्छ, सफा र ताजा खाना मात्र बिक्री गर्न, मूल्यसूचीअनुसार सेवा दिन, अत्यधिक मूल्य नलिन तथा प्रचलित मापदण्ड पालना गरेर व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको छ । आगामी दिनमा पनि यस्ता अनुगमनलाई निरन्तरता दिइने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले जनाएको छ।

# खैरो हिरोइनसहित एक पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीबाट प्रहरीले मोटरसाइकलको टुलबक्समा लुकाएर ओसारपसार गरिँदै गरेको १०३ ग्रामभन्दा बढी खैरो हेरोइनसहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार पक्राउ पर्ने व्यक्ति खडक नगरपालिका-५ खोजपुर निवासी ६२ वर्षीय अमिन चौधरी रहेको छन । इलाका प्रहरी कार्यालय कडरबोनाबाट इन्स्पेक्टर श्याममणि पोखरेलको नेतृत्वमा खटिएको प्रहरी टोलीले विष्णपुर-बोदेबर्साइन सडकखण्डअन्तर्गत बोदेबर्साइन नगरपालिका-२ क्षेत्रमा जाँच गर्ने क्रममा मधेस प्रदेश-०१-००५ प २८८३ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकल रोकेको थियो ।

जाँचका क्रममा मोटरसाइकलको टुलबक्समा लुकाइराखिएको १०३ ग्राम ७५० मिलिग्राम खैरो हेरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। प्रहरीले चौधरीको साथबाट थप १ ग्राम ४८० मिलिग्राम खैरो हेरोइनसमेत बरामद गरेको छ।

बरामद लागुऔषधसहित पक्राउ परेका चौधरीमाथि लागुऔषध सम्बन्धी कसुरमा इलाका प्रहरी कार्यालय कडरबोनाले थप अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८